वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १९४ ○श्रेणी 'क' ○२०७३ वैशाख १२ गते आइतबार ○24 April 2016 ○पृष्ठ ४ ○मूल्य रु. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०९७२, ९८५६०३५९७२,९८१३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतवन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङ्गको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

महाभूकम्पको एक वर्ष पूरा

सिबी अधिकारी
काठमाडौं ११ वैशाख ।

विसं २०७२ वैशाख १२ गते । बिहानैदेखि मौसम धुमिलिएको । गर्मी मौसम भए पनि नीलो आकाश मडारिएर सूर्यको प्रकाश प्रस्ट खेखिएको थिएन । शनिबारको दिन, नेपालीहरु आआफ्नै ध्याउन्नमा थिए । मध्याह्न ११ बजेर ५६ मिनेट जाँदा ७.६ रिक्टर स्केलको भूकम्प गयो । यसबाट करिब नौ हजार नेपालीको मृत्यु भयो भने दुई हजार २०० भन्दा बढी घाइते भए । झन्डै पाँच लाख घर ध्वस्त भए । हजारौं घरबारविहीन भए । गोरखाको 'बारपाक' केन्द्रबिन्दु बनाई गएको उक्त भूकम्प नेपालीका लागि कालो दिन बन्यो ।

त्यसपछिका केही ठूला र निरन्तर आइरहेका परकम्पले नेपालीलाई अझै त्रसित बनाइरहेको छ । 'गोरखा भूकम्प' गएको आज आइतबार एक वर्ष पुग्दैछ । वर्षभरिमा साना ठूला गरी ३० हजारभन्दा बढी परकम्प गएको खानी तथा भूगर्भ विभाग, राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ । हालसम्म ४ रिक्टर स्केल र त्यसभन्दा माथिका ४४९ परकम्प गएका छन् । केन्द्रका प्रमुख लोकविजय अधिकारीका अनुसार नेपालमा विसं १९९४ देखि २०७२ वैशाख १२ को भूकम्प हेर्दा करिब ६० हजार भूकम्प गएका छन् । नेपालमा मात्र हैन, यसबीचमा छिमेकी मुलुक भारत, पाकिस्तान, जापान इन्डोनेसिया र चिलीमा ७ देखि ७.९ रिक्टर स्केलका भूकम्प गएका छन् । हालै इक्वेडरमा ७.८ र चिलीमा ७.९ रिक्टरको भूकम्प गएको थियो । भूकम्पसम्बन्धी विश्वका तथ्याङ्क हेर्दा हरेक वर्ष औसतमा एक वटा ८ रिक्टर स्केलभन्दा ठूलो भूकम्प गएको देखिन्छ । त्यस्तै ७.९ रिक्टरका १५ र ७ देखि ७.९ र ६ देखि ६.९ रिक्टरसम्मका १३० भन्दा बढी भूकम्प गएका छन् ।

भूकम्प मापन केन्द्र आफैँ घाइते

नेपालमा भूकम्पको लामो इतिहास छ । यतिका धेरै भूकम्प गइसके तर भूकम्प मापन गर्ने निकाय खानी तथा भूगर्भ विभागको एक मात्र राष्ट्रिय भूकम्प मापन केन्द्र जनशक्तिको अभावले आफैँ घाइते अवस्थामा छ । पर्याप्त प्राविधिकको अभावले वर्षभरिका भूकम्पको गणना प्रक्रियामा लैजान सकिएको छैन । केन्द्रका प्रमुख अधिकारीका अनुसार वैशाख १२ को भूकम्पताका १३ प्राविधिक थिए अहिले छ जनामा सीमित छ । वैशाख १२ पछि २४ सै घन्टा चलाउनुपर्ने केन्द्रमा भूकम्पसम्बन्धी काम गर्ने प्राविधिकको अभावले चुनौती थपिएको छ । 'नेपालमा यति धेरै भूकम्प गइसकेका छन् तिनको प्रशोधन गर्न प्राविधिक छैनन् । हाल केन्द्रमा भएका छ, जनामध्ये पनि नेपालभरका भूकम्प मापनसम्बन्धी केन्द्रको मर्मत गर्न जानुपर्ने बाध्यता छ,'-अधिकारीले भने ।

देशभर हाल भूकम्पबारे जानकारी सङ्कलन गर्ने २१ साइस्मिक स्टेसन छन् । केन्द्रलाई अत्याधुनिक र सुविधायुक्त बनाउन नसक्दा भूगर्भीय अनुसन्धानका काम प्रभावित भएका छन् । भूगर्भविद् डा सोमनाथ सापकोटाले भूगर्भीय अध्ययनका लागि अमेरिका, फ्रान्स र सिङ्गापुर लगायत देशको सहयोगमा दरारको अवस्थाबारे थाहा पाउने काम सुरु गरिएको बताए । नेपालमा फ्रान्स सरकारको सहयोगमा सन् १९६८ देखि भूकम्प मापन गर्न सुरु गरिएको थियो ।

भूकम्पको इतिहास

विसं १९९० को महाभूकम्प पछि ठूलो भूकम्प नै २०७२ वैशाख १२ को 'गोरखा भूकम्प' हो । विसं २०४५ मा उदयपुर केन्द्रबिन्दु बनाएर ६.७ रिक्टर स्केलको भूकम्प गएको थियो जसबाट ७२१ जनाको मृत्यु भएको थियो । संखुवासभा केन्द्रबिन्दु बनाएर १९९० सालमा गएको ८.३ रिक्टर स्केलको महाभूकम्पबाट नेपालमा आठ हजार ५१९ जनाको मृत्यु भएको थियो भने त्यत्तिकै संख्यामा भारतको बिहारमा क्षति भएको थियो । संसारमा हालसम्मकै सबैभन्दा ठूलो भूकम्प चिलीमा सन् १९६० मा ९.५ रिक्टर स्केलको गएको थियो । हालसम्म संसारमा ९ रिक्टरभन्दा ठूला पाँच भूकम्प गएका छन् । तीमध्ये चार वटा भूकम्प प्रशान्त महासागर आसपासमा गएका छन् ।

भूकम्प कसरी

भूगर्भविद्का अनुसार जमिनको सतहभन्दा धेरैमुनि रहेको इन्डियन प्लेट युरोसियन प्लेटको मुनि सरिरहेको छ । त्यसमध्ये चुरेदेखि करिब १०० किमी उत्तरसम्म रहेका हिमालय क्षेत्रमा इन्डियन प्लेटलाई अवरोध गर्छ, जसमा प्रतिवर्ष २ सेन्टिमिटर धकेलिरहेको हुन्छ । त्यसको शक्ति सञ्चय हुँदा अवरोधले समस्या भई खुम्चिन्छ, सोमध्ये केही शक्ति हिमालयको स्थायी रुपमा उचाइ वृद्धि हुन प्रयोग भई भूकम्प जाने गर्छ । सबैभन्दा बढी जोखिम प्लेटको सीमाना रहेको दुई हजार ५०० किमी हिमालय क्षेत्र अफगानिस्तानदेखि म्यानमासम्म पृथ्वीको भूखण्डको करिब दुई तिहाइ क्षेत्र पर्छ । यस्तो भूकम्पीयय जोखिम क्षेत्रमा करिब एक अर्ब मानिसको बसोबास छ । ऐतिहासिक रुपमा हेर्दा नेपालमा विसं १३१२ मा महाभूकम्प र त्यसको झन्डै ६०० वर्षपछि अर्को महाभूकम्प गएको देखिन्छ । विगतका भूकम्पको तथ्याङ्क हेर्दा मध्य क्षेत्रमा करिब २०० वर्षको हाराहारीमा ठूला भूकम्प गएको केन्द्रका प्रमुख अधिकारीले बताए । त्यस्तै पश्चिमाञ्चल क्षेत्रमा विसं १५०५ मा ठूलो भूकम्प गएको थियो । भूकम्प कहिले कुन अवधिमा कसरी जान्छ भनेर हालसम्म कुनै वैज्ञानिकले पत्ता लगाउन सकेका छैनन् ।

यसैबीच भूकम्प मापन केन्द्रले काठमाडौं उपत्यकाको भूकम्पीय जोखिम अध्ययन गर्न जापानी सहयोग नियोगको सहयोगमा तीनवर्षीय परियोजना सुरु गरी तथ्याङ्क लिने काम सकिएको जनाएको छ । यसबाट काठमाडौंमा अब आउने ठूला भूकम्प कहाँ कति क्षति पुग्छ र कहाँ कस्तो खाले कम्पन गराउँछ, भन्ने थाहा पाउन सकिनेछ ।

पोखरा कप मनाङको पोल्टामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

नेपाल आर्मीमाथि शानदार जित हात पार्दै मनाङ-मर्स्याङ्दी क्लबले मनकामना पोखरा कप फुटबलको उपाधि जितेको छ । शनिबार भएको उपाधि भिडन्तमा मनाङले आर्मीमाथि ५-० गोल अन्तरको फराकिलो जित हात पारेको हो । मनाङले उपाधिसहित नगद ५ लाख ५ हजार ५ सय ५५ रुपैयाँ हात पारेको छ भने उपविजेता आर्मीले २ लाख ५५ हजार ५ सय ५५ रुपैयाँमा चित्त बुझाएको छ । पोखरा रंगशालामा भएको खेलमा मनाङले दोस्रो मिनेटमा नै अनिल गुरुङको गोलबाट अग्रता लिएको थियो । १० औं मिनेटमा अनिलले अग्रता दोब्बर पारे । खेलको २३ औं मिनेटमा सन्तोष तामाङ र मेहन गुरुङबीच विवाद भयो र दुबैले रातो कार्ड पाए । १० खेलाडीमा सीमित भएपनि मनाङले आर्मीलाई लगातार दबाव दियो र पहिलो हापमा दुई गोल थप्यो ।

२९ औं मिनेटमा ओलावलेको पासमा सुजल श्रेष्ठले गोल गरे । ३५ औं मिनेटमा ओलावलेले नै गोल गरे । र, पहिलो हाफमा मनाङ ४-० ले अगाडि रह्यो । ४८ औं मिनेटमा ओलावलेले दोस्रो गोल गरे । पाँच गोल खाएपछि भने आर्मीले केही सुधारिएको प्रदर्शन गर्‍यो । थप गोल नखाएपनि उसले गोल गर्न सकेन र फाइनलमा मनाङसँग ५-० को लज्जास्पद हार व्यहोरेको छ ।

यसअघि मनाङले आर्मीलाई नै हराउँदै पोखरामा आहारारा कप फुटबलको उपाधि जितेको थियो । हेटौंडा कपमा पनि मनाङले नै बाजी मारेको थियो । झापा गोल्डकपमा भने आर्मीले मनाङलाई हराएको थियो ।

प्रतियोगितामा मनाङका टिम क्याप्टेन अनिल गुरुङ सर्वोकृष्ट खेलाडी घोषित हुँदै मोटरसाईकल प्राप्त गर्न सफल भए । त्यस्तै मनाङका किरण चेम्जोङ उत्कृष्ट गोलकिपर, छिरिङ लोप्साङ उत्कष्ट प्रशिक्षक, कमल श्रेष्ठ उत्कृष्ट डिफेन्सको उपाधि सहित नगद १५ हजार प्राप्त गर्न सफल भए ।

त्यस्तै आर्मीका विमल राना उत्कृष्ट मिड फिल्ड तथा एपिएफका रञ्जन विष्ट र मनाङका ओलावालेले सर्वाधिक गोलकर्ताको उपाधि जित्न सफल भए । प्रतियोगिताको विजेता खेलाडी तथा टिमलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशब विष्ट, एन्फाका कार्यवहाक अध्यक्ष नरेन्द्र श्रेष्ठ, मनकामना दर्शन प्रालिका नायव महाप्रबन्धक विरेन्द्र श्रेष्ठ लगायतले पुरस्कार प्रदान गरेका थिए ।

साफ पोखरामा पनि

राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव केशव विष्टले आगामी वर्ष नेपालमा हुने साफ च्याम्पियनशिप पोखरामा पनि हुने बताएका छन् । पुरै साफ नै पोखरामा हुने चर्चा चलिरहेका बेला सदस्य सचिव विष्टले भने पोखराको भौतिक संरचनाको अभाव र स्थान अभावका कारण पुरै च्याम्पियनशिप पोखरामा मात्र हुन नसक्ने स्पष्ट पारे । मनकामना पोखरा कप फुटबल प्रतियोगिताको समापनको अवसरमा बोल्दै उनले भने-'खेलकूदको भौतिक संरचनाका कारण पोखरामा मात्र सिंगै च्याम्पियनशिप गर्न सम्भव छैन । त्यसैले साफको उद्घाटन काठमाडौंमा र समापन पोखरामा गर्ने तयारीका छौं ।' उनले साफ च्याम्पियनशिपको तयारीका लागि पोखरा रङ्गशालाको भौतिक संरचनामा अकल्पनीय परिवर्तन हुने बताए । उनले भने-'तपाइँहरुले अहिले यस्तो रङ्गशाला देख्नुभएको छ । यसमा कायापलट विकास हुनेछ, पूरै पोखराको रङ्ग फेरिनेछ ।'

प्याराग्लाइडिङ उठान ठप्प

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

नागरिक उड्डयन प्राधिकरणले शुल्क बढाएको भन्दै पोखराका प्याराग्लाइडिङ पाइलटले तीन दिनदेखि उडान बन्द गरेका छन् । पाइलटले मासिक नौ हजार रुपैयाँ शुल्क तिर्नुपर्ने दबाब प्राधिकरणबाट आएकाले त्यसविरुद्ध पाइलट आन्दोलित भएका हुन्। व्यावसायिक उडानका लागि लाइसेन्स लिइसकेपछि पनि पटके उडानका नाममा प्राधिकरणले शुल्क मागेको भन्दै पाइलट असन्तुष्ट बनेका हुन् । पोखरामा उडान रोकेर पाइलट बिहीबारदेखि प्राधिकरणको केन्द्रीय कार्यालय घेराउका लागि काठमाडौंमा छन्। प्राधिकरणका अधिकारी भने राज्यले लगाएको नियमअनुसार शुल्क तिर्नु पर्ने बताएका छन् । प्राधिकरणको पोखरा विमानस्थल कार्यालय प्रमुख दीपक बरालले नेपाल हवाई खेलकुद नियमावलीमा भएको व्यवस्था अनुसार प्याराग्लाइडिङ पाइलटहरू सँग शुल्क तिर्न भनिएको बताए। एकदुईपटकको उडानका लागि आउने विदेशीलाई लक्ष्य गरेर बनेको नियम आफूहरूमाथि लादिएको नेपाली पाइलटको भनाइ छ। नेपाल प्याराग्लाइडिङ पाइलट क्लबका महासचिव मित्रलाल बास्तोलाले आफू पटके पाइलट

बाँकी ३ पृष्ठमा......

नेपालको संविधानमा मधेशीको अधिकार

नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- ❖सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- ❖आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक
- ❖समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- ❖सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- ❖सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- ❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- ❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- ❖सामाजिक रुपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- ❖समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- ❖मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ❖हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने ।
- ❖उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ❖सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- ❖समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- ❖सवैधानिक निकायको रुपमा नेपालमा एक मधेशी आयोग रहने ।
- ❖नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

एसएलसी दिएर बसेका विद्यार्थीहरूलाई खुशीको खबर

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

नेपाल सरकारबाट मान्यताप्राप्त तथा सि.टी.ई.भि.टीबाट सम्बन्धन प्राप्त यस हिमालयन कलेजमा ग्यारेन्टी रोजगार तथा इर्न्टनसीपको व्यवस्थासहित निम्न अन्तराष्ट्रियस्तरका विषयहरूमा भर्ना खुलेको छ ।

विषय	अवधि	विषय	अवधि
व्यवसायिक कुक	३ महिना	स्पेशल इण्डियन कुकिङ्ग	१ महिना
वेटर/वेट्रेस	३ महिना	चाइनिज कुकिङ्ग	३ महिना
बार टेण्डर	१ महिना	कण्टिनेण्टल कुकिङ्ग	३ महिना
फ्रन्ट अफिस	३ महिना	हाउस किपिङ्ग	३ महिना
बेकरी	१ महिना	लगायतका विभिन्न कोर्षहरु	

स्पेशल ६ हप्ताको प्याकेज : [illegible]

अन्य कोर्षहरुमा विशेष छुटको व्यवस्था गरिएकाले मौकाको फाइदा उठाउनुहोला ।

१८ महिने डिप्लोमाका विभिन्न विषयमा भर्ना: [illegible]

हिमालयन कलेज अफ हष्पिटालिटी म्यानेजमेन्ट

[illegible]

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। - **सेक्सपियर**

सम्पादकीय ...

भूकम्पको पीडामा खै मल्हम ?

नेपालमा भूकम्प गएको एकवर्ष बितिसक्दा पनि त्यसको त्रास नेपालीको मनबाट हट्न सकेको छैन। परकम्प जाने क्रम पनि रोकिएको छैन। सरकारले भूकम्पपीडितलाई उचित बसोबासको व्यवस्था गर्न नसक्दा उनीहरूले घाम, पानी तथा हुरीबतासको चपेटा खेपिरहनु परेको छ। सरकारले निजी आवासका लागि दिने अनुदान रकमको आशामा भूकम्पपीडितको दैनिकी बित्ने गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हक तथा कर्तव्यअन्तर्गत धारा ३७ को उपधारा (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरिएको छ। तर, संविधान कार्यान्वयनको संघारमै आमभूकम्प पीडित भने सुरक्षित आवासको हकबाट वञ्चित भएका छन्। सरकारले पीडितलाई आश्वासनमा झुलाउनु सिवाय अहिलेसम्म केही गर्न सकेको छैन। पीडितलाई आफै घर निर्माण गर्नमात्र सरकारले स्वीकृत दिएको भए आगामी वर्षाको समय खुला आकाशमुनि बिताउनु पर्ने थिएन। अस्थायी टहरा निर्माणका लागि जस्तापाता किन्न दिएको १५ हजार रुपैयाँ र न्यानो कपडा किन्न भनेर ढिलो गरी उपलब्ध गराएको १० हजार रुपैयाँबाहेक अरु प्रगति केही हुन सकेको छैन। भूकम्पपछि खाद्यान्न र खानेपानीको समस्या उस्तै छ। भूकम्पपीडितका लागि सरकारले लामो समयसम्म राहत तथा उद्धार गर्न सकेन। सरकारको भर पर्दा सधैँ बिचल्ली हुने भएकाले खेती गर्न नेपालीहरु जोखिम मोलेरै भए पनि चर्किएको बस्तीमा फर्किन बाध्य छन्। अहिलेसम्म पनि पीडितहरु टिनका अस्थायी टहरोमा बस्न बाध्य भइरहेका छन्। सरकारको विस्थापितलाई घर बनाउने योजना कागजमै सीमित भइरहेको छ। भूकम्पपीडितलाई पुनःस्थापना एवम् संरचना पुनर्निर्माणको काम कछुवा गतिमा अघि बढेको छ। पुनर्निर्माण प्राधिकरणले गति लिन नसकेकोमा स्वयम् प्रधानमन्त्रीसमेत असन्तुष्ट छन्। भूकम्प प्रभावित बस्तीहरुमा गैरआवासीय नेपाली संगठन, निजी क्षेत्र एवम् अन्तर्राष्ट्रिय समुदायले घर बनाइदिने चर्चा चले पनि सरकारले आवश्यकीय तयारी गर्न सकेको छैन। भूकम्पपीडितको सहयोगका लागि दर्जनौं सरकारी तथा गैरसरकारी संस्था कार्यरत रहे पनि उनीहरुको नियतिमा कुनै परिवर्तन आएको छैन। जति समय बित्दै जान्छ, उति नै समस्या थपिनेक्रम जारी छ। भूकम्पले घरविहीन भई एक वर्षदेखि अस्थायी टहरोमा कष्टपूर्वक रहँदै आएका पीडितको पीडा विश्वसामु छिपेको छैन। सरकारले वास्तविक पीडितका लागि समयमै राहत तथा अनुदान दिन नसकिरहेको अवस्थामा नक्कली पीडितको संख्यासमेत थपिँदै गएको छ। सरकारले समयमै पुनर्निर्माणको काम सम्पन्न गर्न सके भूकम्पबाट अति प्रभावित क्षेत्रका बासिन्दाको नियतिमा परिवर्तन आउने अपेक्षा गर्न सकिन्छ। अबको प्राथमिक आवश्यकता भनेको महाभूकम्प पछिको घरवारविहीन भएका लाखौं जनतालाई भूकम्पीय दृष्टिकोणबाट सुरक्षित तथा भरपर्दो र आर्थिक रूपमा समेत मितव्ययी घर निर्माण र पुनःस्थापन नै हो। यसका लागि पुनर्निर्माण राष्ट्रिय प्राधिकरणले योजनाबद्ध रूपमा विभिन्न निकाय तथा गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैसस लगायतको सहकार्य र सामन्जस्यमा पुनर्निर्माण र पुनःस्थापनका कार्यलाई पहिलो प्राथमिकतामा राखेर अघि बढाउनु हो। आशा गरौं आगामी वर्षायामभन्दा पहिले पीडित जनताले केही भए पनि राहतको अनुभूति गर्ने खालका कार्यक्रमहरू सरकारी निकायले कार्यान्वयन तहमा ल्याउनु नितान्त आवश्यक भइसकेको छ। आमनागरिकको गुनासोलाई सम्बोधन गर्ने दिशामा अनुभूति हुने कुरामा काम अघि बढाइनु पर्दछ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल वैशाख १२ गते आइतबार, तदनुसार अप्रिल २४ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार वैशाखकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज वैशाखकृष्णपक्षको द्वितीया अहोरात्र रहनेछ। आज सूर्य मेष राशिमा,चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३२ घटि ३१ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ३३ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३३ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ।

वृष : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन्।

मिथुन : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

कर्कट : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।

सिंह : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

कन्या : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

तुला : नयाँ व्यवसाय गर्नेतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

वृश्चिक : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

धनु : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन्।

मकर : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ।

कुम्भ : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सक्रियता बढ्नेछ काममा सक्रियता बढ्नेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

महाभूकम्पको एक वर्ष

✍ मनोहर कार्की

मानवीय तथा भौतिक संरचनाको व्यापक क्षतिले नेपाली मन तथा मस्तिष्कमा अमिट छाप त छोड्यो नै भोलिका दिनमा यस्ता प्रकृतिक विपत्तिबाट सजग र सचेत रहनका लागि ठूलै पाठ पनि सिकायो। यो त्यही दिन र घटना थियो जसले नेपालीहरूमा पुनः एकता, धैर्यता तथा साहसको ऊर्जा पनि थप्यो। गत वर्षको वैशाख १२ गते मध्याह्नको त्यो अकल्पनीय घटना र दिनले नेपालको आमसञ्चार जगतमा मात्र होइन विश्वका प्रमुख सञ्चार माध्यमहरूमा महत्वपूर्ण समाचारको रूपमा छायो विनाशकारी महाभूकम्पका रूपमा। मध्याह्नको करिब १२ बजेको समयमा गोरखाको उत्तरी क्षेत्रमा रहेको बारपाक गाउँलाई केन्द्रबिन्दु बनाएर गएको यस आम विनाशकारी महाभूकम्पको भयावह तरंगले सिंगो राष्ट्र एक पटक फेरि यसरी झस्कियो कि यसको विनाशकारी क्षतिले समग्र देशवासीमा दुःख तथा पीडाको अमिट छाप लामो समयका लागि छाडेको छ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकले भूकम्प स्मृति दिवसमा वैशाख १२ र १३ गते विविध कार्यक्रमअन्तर्गत ऐतिहासिक धरहरास्तम्भ परिसरमा महाभूकम्पमा दिवंगतहरूको स्मृतिमा श्रद्धाञ्जलीसहित पुष्पगुच्छा अर्पण तथा माइतीघर मण्डलामा बेलुकीपख दीप प्रज्वलन कार्यक्रम गर्ने निर्णय भएअनुसार यस्ता कार्यक्रमको आयोजनाले गत वैशाखको विनाशकारी भूकम्प र यसको असरको फेरि सम्झना गरिने अवसर जुर्नेछ। यसका साथै जिल्लाहरूमा पनि यस किसिमका स्मृतिका कार्यक्रमहरू आयोजना गरिने नै छन्। यसै अवसर पारेर पुरातत्त्व विभागको सक्रियतामा काठमाडौं उपत्यकाका विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक महत्व बोकेका धार्मिक मठमन्दिर र देवालयहरूको पुनर्निर्माणको कार्य पनि भूकम्प स्मृति दिवसका अवसरमा शुभारम्भ गरिने छ। विनाशकारी महाभूकम्पलाई हामीले गोरखा भूकम्पको नामले पनि चिनिँदै आएका छौं। यस गोरखा भूकम्पले नेपालका मध्ये पहाडी तथा पश्चिम क्षेत्रका विभिन्न जिल्लाहरूमा व्यापक जनधनको क्षति पऱ्यो भने भौतिक संरचनाहरूको समेत अपूरणीय क्षति भएको छ। खास गरेर नेपालका मध्यक्षेत्र तथा पश्चिमी क्षेत्रका विभिन्न एघार जिल्लामा सबैभन्दा बढी मानवीय तथा भौतिक क्षति पुऱ्यायो भने समग्रमा ३१ जिल्लामा क्षति पुऱ्यायो। गत वर्षको अकल्पनीय भूकम्पका कारण ८ हजार ८ सय ५७ आमनागरिकको असामयिक निधन भयो, साथै २१ हजारभन्दा बढी घाइते भए भने करिब ६ लाख घरहरू पूर्ण र आंशिक रूपमा क्षति भए। यसका साथै विदेशी नागरिकहरू ८९ जनाको निधन भयो। आर्थिक रूपमा भएको क्षतिको मूल्यांकन गर्ने हो भने करिब १० बिलियन डलर बराबरको क्षति भएको अनुमान गरिएको छ, जुन क्षति नेपालको कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतको हाराहारीमा हुन आउँछ। लाखौं जनताहरू भूकम्पपछि अस्थायी घरबासमा जेनतेन गुजारा गरी आएका छन्। यसबाट पनि अनुमान लगाउन सकिन्छ कि यो महाभूकम्पको विनाशलीला कत्तिको भयावह थियो भन्ने कुरा।

अबको प्राथमिक आवश्यकता भनेको महाभूकम्प पछिको घरबारविहीन भएका लाखौं जनतालाई भूकम्पीय दृष्टिकोणबाट सुरक्षित तथा भरपर्दो र आर्थिक रूपमा समेत मितव्ययी घर निर्माण र पुनःस्थापन नै हो। यसका लागि पुनर्निर्माण राष्ट्रिय प्राधिकरणले योजनाबद्ध रूपमा विभिन्न निकाय तथा गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैसस लगायतको सहकार्य र सामन्जस्यमा पुनर्निर्माण र पुनःस्थापनका कार्यलाई पहिलो प्राथमिकतामा राखेर अघि बढाउनु हो। आशा गरौं आगामी वर्षायामभन्दा पहिले पीडित जनताले केही भए पनि राहतको अनुभूति गर्ने खालका कार्यक्रमहरू सरकारी निकायले कार्यान्वयन तहमा ल्याउनु नितान्त आवश्यक भइसकेको छ। आमनागरिकको गुनासोलाई सम्बोधन गर्ने दिशामा अनुभूती हुने कुरामा काम अघि बढाइनु पर्दछ।

विनाशकारी महाभूकम्पका कारण देशका विभिन्न स्थानमा रहेका निकै ऐतिहासिक, पुरातात्विक महत्वका सयौं धरोहरहरूमा अपुरणीय क्षति पुऱ्यायो। विशेष गरेर काठमाडौं उपत्यकाका तीन महत्वपूर्ण प्रचीन सहरहरूका युनेस्कोद्वारा विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्रका ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक महत्वका कयौं धरोहरहरू क्षणभरमा नै विनाश भए भने कत्ति यस्ता धरोहरहरूमा अपूरणीय क्षति पुऱ्यायो पनि। जुन क्षतिको कुनै पनि मूल्यमा चुकाउन सकिँदैन। जसको परिणामस्वरूप आजका दिन सम्ममा पनि नेपालको पर्यटन क्षेत्रमा निकै नराम्रोसँग क्षति पुऱ्याएको छ। नेपालको आर्थिक विकासको प्रमुख क्षेत्रको रूपमा रहेको पर्यटन क्षेत्रमा यस महाभूकम्पले जुन भयावहको स्थिति निम्त्यायो यसको क्षतिपूर्तिका लागि हामीले अझ केही समय कुर्नु पर्ने नै छ। यस्ता ऐतिहासिक तथा पुरातात्त्विक महत्वको धरोहरहरूको पुनर्निर्माण तथा संरक्षणका क्षेत्रमा जुन गतिमा कार्य भइरहेको छ, यसले आम नागरिकहरूमा आशाको किरण छर्न सकेको छैन। समय केही घर्किसकेको छ तर पनि विलम्ब नगरी स्पष्ट कार्ययोजना सहित पुनर्निर्माणको महाअभियान अघि बढेमा यस्ता धरोहरहरूको मौलिकता र संरक्षणले सार्थकता पाउने थियो। यसका साथै निकट भविष्यमा महाभूकम्पपछि थिलथिलो भएको नेपालको पर्यटन क्षेत्रमा नयाँ सञ्चार प्रसारित हुने थियो। आशा गरौं सबैको सामूहिक प्रयास र प्रतिबद्धता भएमा आशाका किरण उजागर हुने थिए।

यसै सन्दर्भमा नेपालका सांस्कृतिक तथा धार्मिक महत्व बोकेका ऐतिहासिक सम्पदाको पुनर्निर्माणका कार्यमा युनेस्कोले सहयोग गर्ने दिशामा हालै मात्र एक महत्वपूर्ण समझदारी भएको छ। युनेस्कोले आगामी तीन वर्षका लागि काठमाडौं उपत्यकाका विश्व सम्पदा सूचीमा सूचीकृत भएका सम्पदाहरूको पुनर्निर्माणका लागि मित्रराष्ट्र चीनको हाइनान प्रान्तीय चिहाङग फाउन्डेसन सँगको सहकार्यमा कार्य गर्ने भएको छ। पछिल्लो जानकारीअनुसार गत वैशाख १२ र त्यसपछिको २९ गते गएको भूकम्पका कारण काठमाडौं उपत्यकाभित्र र नेपालको उत्तर-पश्चिमी भागमा रहेका धार्मिक तथा ऐतिहासिक महत्व बोकेका २ हजार ९ सय संरचनाहरूको क्षति भएको छ भने क्षति पुऱ्याएका ६ सय ९१ सम्पदास्थलहरूमा १ सय ३१ सम्पदास्थलहरू निकै नराम्रोसँग क्षति पुऱ्याएको छ।

आमविनाशकारी भूकम्पको चपेटामा निर्दोष तथा निमुखा बालबालिका, तिनका अभिभावक तथा कयौं गाउँ बस्तीहरू सखाप भए। हेर्दा हेर्दै केही दिन अघिका रमणीय गाउँ बस्तीहरू, मनोरम तथा हरियालीले छाएका पहाड तथा तिनै पहाडका सेरोफेरोबाट कलकल बग्ने नदी छेउका बस्तीहरू उजाड भए। प्रकृतिको विनाशलीला यति क्रुर र आततायी होला भन्ने कल्पनासम्म नगरिएका घटना तथा परिघटनाहरू विनाशकारी भूकम्प गएको करिब १ वर्षपछि पनि हाम्रो मन मस्तिष्कमा अझै ताजै छ कहिल्यै निको नहुने घाउसरी। यस्तो भयावह प्रकृतिक विपत्तिका समयमा पनि नेपालीहरूको साहस, धैर्यता तथा पीडाको समयमा पनि विचलित नभई विपत्तिलाई व्यवस्थापन गर्ने दृढ इच्छा शक्ति आफैंमा निकै प्रशंसाको अतुलनीय उदाहरण हुन सक्छ नै। हामीले विपत्तिलाई संयम तथा धर्यताक ासाथ जुन रूपमा व्यवस्थापन गर्ने उत्सर्गता देखायौं अवश्य पनि भोलिको पुस्ताका लागि उदाहरण हुनेछ। विनाश पछिको पुनःस्थापना तथा पुनर्निर्माण कार्यमा सबैको अग्रसरता तथा लगनशील हातहरूको हामीलाई साथ रहेमा अवश्य पनि केही समयपछि नै हामीले नयाँ नेपालको पुनर्निर्माण महाअभियानलाई सार्थकता दिन सक्ने छौं।

हामी फेरि असुरक्षित घर त बनाउँदै छैनौं ?

✍ श्रीकमल द्विवेदी

भुइँचालो आफैंमा एउटा प्रयोगशाला हो। भुइँचालोबाट उत्पन्न तरंग जमिनमा कसरी प्रसारित हुन्छ, जमिन कसरी र कति हल्लन्छ, मानवनिर्मित संरचनाहरूलाई कस्तो असर पार्छ, कस्ता संरचनामा कति क्षति पुग्छ लगायत अध्ययन गर्ने ठूलो अवसर हो यो। यस्तो अध्ययनले भुइँचालोबाट सुरक्षित निर्माण कसरी गर्न सकिन्छ भन्ने आधार दिन्छ। सबै घना आवादी भएका ठाउँमा यस्ता ठूला भूकम्प आइरहँदैनन्। त्यसैले, संसारभरका भूवैज्ञानिकदेखि भवन सुरक्षा अध्ययन गर्ने अनुसन्धानकर्तासम्मले नेपाल आएर अध्ययन गरे। नेपालमा व्यवस्थित रूपले अध्ययन गर्ने निकाय नहुँदा हामीले यो ठूलो अवसर गुमायौं। केहीले विदेशी वैज्ञानिकसँगको सहकार्यमा अनुसन्धान गर्ने अवसर त पाए तर पनि राष्ट्रिय रूपमै हामीकहाँ 'भूकम्प अनुसन्धान केन्द्र' जस्तो अनुसन्धानमूलक संस्थाको कमी देखियो। विदेशीले गरेका अनुसन्धानको लाभ लिन हामीले तिनै विदेशीलाई परामर्शदाताका रूपमा डाकेर ठूलो धनराशि खर्च गर्नुपर्ने हुन्छ। जुन देशमा जस्ता समस्या हुन्छन्, त्यही क्षेत्रमा गहन अनुसन्धान गर्ने निकाय खडा गरिन्छ। नेपाल भूकम्पीय जोखिम क्षेत्र हो भनेर सबैले बुझेका छन्। तर, राष्ट्रिय रूपमा भूकम्प अनुसन्धान गर्ने केन्द्र खडा गर्न सकेका छैनौं। भूकम्प मापन केन्द्रमै हामी सीमित छौं। हाम्रो सोच ठूल्ठुला अनुसन्धान गरेर आउने नतिजा पनि बिनालगानी तुरुन्त प्रतिफल पाइन्छ भनेजस्तै छ। हाम्रो समस्याको समाधान हामी नेपालीले नै गर्नुपर्छ, नेपालीहरूलाई नै सक्षम बनाउनुपर्छ। विदेशी सहयोग पनि लिनुपर्छ, तर आफू बलियो बन्नका लागि मात्र, परनिर्भर बन्न होइन।

घर एउटा ठूलो लगानी हो। नेपालजस्तो आममानिसको आय अतिकम भएको मुलुकमा घर बनाउनु जीवनभरको कमाइ हो। महँगो डिजाइन त सजिलै दिन सकिन्छ, तर स्थानीय रूपमा उपलब्ध सामग्रीहरूबाट सुरक्षित र सस्तो घर कसरी निर्माण गर्न सकिन्छ भन्ने ज्ञान भूकम्पपछि तुरुन्तै उपलब्ध गराउनुपर्ने थियो। यसो हुन सकेन। फलस्वरुप धेरैले असुरक्षित घर नै निर्माण गरे, जुन भविष्यको पुस्ताका लागि फेरि धराप हुन सक्छ।

घर बनाउन राम्रो गुणस्तरको सामग्री चाहिन्छ। उचित इन्जिनियरिङ डिजाइन चाहिन्छ। सिप भएको कर्मी चाहिन्छ। तालिमप्राप्त प्राविधिकले अनुगमन पनि गरिरहनुपर्छ। डिजाइनअनुसार डन्डी बाँधेको छ कि छैन हेर्नुपर्छ। तल हाल्नुपर्ने डन्डी माथि परे मात्र पनि त्यो संरचना कमजोर हुन्छ। सिमेन्ट वा कंक्रिट मुछ्नेबित्तिकै प्रयोग गर्नुपर्ने हुन्छ, किनकि पानी हालेर मुछेपछि सिमेन्टको जम्ने प्रक्रिया सुरु भैसकेको हुन्छ।

जमिसकेको सिमेन्ट फुटाएर जोडिँदैन। कतिपय क्षति पुगेका संरचना हेर्दा कंक्रिटको गुणस्तरमा हेलचेक्र्याइँ गरेको देखियो। भाइब्रेटर प्रयोग नगरेको हुँदा कंक्रिट नखाँदिएर बीचबीचमा खाली ठाउँ पनि देखियो। राम्रो डन्डी डिजाईन भएकै घरमा पनि डन्डीको जाली यति बाक्लो थियो, गिट्टी छिर्नै सकेनछ। बालुवा र सिमेन्टको झोल मात्र छिरेर कमजोर भएर चर्किएको पनि भेटियो। हामीले कस्ता घर कसरी र के कारणले भत्किए भन्ने तथ्यांक व्यवस्थित रूपमा जम्मा गर्नुपर्ने थियो, ताकि भएका कमजोरी सुधार गर्दै भविष्यको लागि भूकम्पबाट सुरक्षित घर निर्माण गर्न सकिने थियो। यो भविष्यको सुरक्षित निर्माणका लागि ज्ञानको ठूलो भण्डार हुन सक्थ्यो।

सामान्यतया हामी घरमा लगभग ५० प्रतिशत समय गुजाछौं। घर सुरक्षित हुनु भनेको हामी १२ घन्टा सुरक्षित हुनु हो। बाँकी समय कार्यालय, विद्यालय वा बजारमा गुजाछौं। यी भनेका धेरै मानिस जम्मा हुने संरचना हुन्। त्यसैले यस्ता व्यापारिक वा सामुदायिक भवन त झनै बलियो र सुरक्षित हुनैपर्छ। निजी घर बनाउनजस्तो यी व्यापारिक वा सामुदायिक भवन बनाउन आर्थिक कठिनाइ हुँदैन। त्यसैले, यस्ता भवन पूरै डिजाइनमा इन्जिनियरिङ सुपरिवेक्षणसहित बन्नुपर्छ र हेलचेक्र्याइँ गर्नेहरूलाई अपराधीसरह कारबाही हुनुपर्छ। हामीकहाँ भने यसबारे सोच नै आएन। ठूल्ठुला व्यापारिक प्रयोजनले बनाइएका भवन भत्कँदा पनि छानबिन भएन। आपराधिक कार्यले उन्मुक्ति पायो।

जुन देशको प्रणालीले सेवाग्राहीलाई सुविधा दिनु कहिल्यै आफ्नो कर्तव्य सम्झेन, सधैं अनुग्रह गरेजस्तो मात्र गर्थ्यो, भूकम्पपछिको अवस्थामा पनि त्यस्तै भयो। हामीले सोचेका थियौं, भूकम्पपछि सरकारदेखि राजनीतिक नेतृत्वमा रहेका मान्छेको सोच केही बदलिन्छ। तर, हाम्रो प्रणाली पुरानै अवस्थामा फर्कियो। राजनीतिक भागबन्डा र कमिसनतन्त्रको जालोले पुनर्निर्माण पछि पर्यो। यसैको परिणामस्वरुप भूकम्पपीडितहरू एक वर्ष बित्दा पनि पीडित नै रहिरहे।

यो महाभूकम्पले नेपालीहरूलाई भुकम्पप्रतिको चासो भने ह्वात्तै बढाइदियो। भारतीय प्लेट, युरेसियन प्लेट र रेक्टर स्केल त सबैलाई कन्ठै भयो। कतिपय त जमिनको हल्लाईको अनुभवबाट यति रेक्टर स्केलको हुनुपर्छ भन्नेसम्म भए। तर, हामीले चासो राख्नुपर्ने जमिन कति हल्लियो भन्दा त्यो हल्लाइले आफ्नो ठाउँमा क्षति कति गर्यो नाप्ने 'मर्काली स्केल' को हो। यसको प्रचार गर्न भने हामी चुक्यौं।

साथै, सुरक्षित निर्माण र बच्ने उपायभन्दा अब कहिले आउँछ र यो रोक्ने जिम्मा कसैले लिइदिए हुन्थ्यो जस्ता सोच पनि पाइए। प्रकृतिक प्रक्रिया स्विकारेर यसबाट हामी बच्ने उपाय लिनुतर्फ लाग्नुपर्छ, न कि 'कत्रो आउँछ र कहिले आउँछ' को पछि लाग्नु बुद्धिमानी हुन्छ। हिमालय पर्वतको उत्पत्ति नै भूकम्पको कारक भारतीय प्लेट युरेसियन प्लेटमुनि धस्सिँदै जाँदा जमिन उचालिएर भएको हो। यो प्रक्रिया करोडौं वर्ष अर्थात् मानिसको उत्पत्ति यो पृथ्वीमा हुनुभन्दा अघिदेखिकै हो। र, यो निरन्तर चलिरहन्छ। प्रकोपबाट बच्ने हो भने हामीले सुरक्षित निर्माण गर्नुपर्छ। पेसागत, व्यक्तिगत र व्यावसायिक रूपमा सबैले आफ्नो आफ्नो क्षेत्रमा इमानदारीतासाथ काम गरे मात्र हामी प्रकोपबाट सुरक्षित रहन सक्छौं।

(लेखक भूगर्भविद् हुन्।)

भूकम्पको एक वर्ष, 'नेपाल जोखिमयुक्त क्षेत्र'

✍ कालिका खड्का
काठमाडौं ११ वैशाख।

नेपालमा भूकम्प गएको एकवर्ष बितिसक्दा पनि त्यसको त्रास नेपालीको मनबाट हट्न सकेको छैन । परकम्प जाने क्रम पनि रोकिएको छैन। भूकम्पले दिएको पीडा कसैले बिर्सन सकेका छैनन्। त्यसो त, नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वको ११ औँ स्थानमा पर्दछ। नेपालको भौगर्भिक अवस्था निकै कमजोर मानिन्छ। दैनिक स-साना भूकम्प गइरहनुले पनि नेपालको भौगर्भिक अवस्था कमजोर देखिन्छ।

समय-समयमा जाने भूकम्पले नेपाली नागरिकको ठूलो जनधनको क्षति हुने गरेको छ। प्रकृतिको लीला टुलुटुलु हेरेर बस्नुको विकल्प छैन। "नेपाल भूकम्पीय दृष्टिकोणबाट जोखिमयुक्त देश हो, ठूला भूकम्पले चिरा पार्ने क्षेत्र धेरै नै हुन्छ, जसले गर्दा ठूलो धनजनको क्षति हुन्छ"-खानी तथा भूकम्प विभाग, राष्ट्रिय भूकम्पमापन केन्द्रका अध्यक्ष तथा भूकम्पविद् लोकविजय अधिकारीले भने।

केन्द्रको तथ्याङ्कअनुसार भौगर्भिक सतह कमजोर चट्टानका कारण नेपालमा जोखिम बढेको हो। विसं १९९० सालको ८.३ रेक्टर स्केलको भूकम्पको केन्द्रबिन्दु सङ्खुवासभा थियो। त्यो बेला आठहजार ५१९ जनाको मृत्यु भएको थियो भने भूकम्पले करिब २०० किलोमिटरको क्षेत्रलाई चिरा पारेको र ठूलो मात्रामा जनधनको क्षति भएको थियो।

त्यस्तै, विसं २०४५ सालको भूकम्पकमा परी ७२१ मानिसको मृत्यु भएको थियो। २०७२ साल वैशाख १२ गते गोरखा केन्द्र विन्दु भएर ७.६ रेक्टर स्केलको भूकम्प गयो। राष्ट्रिय योजना आयोगको पीडीएन प्रतिवेदनअनुसार लगभग नौहजार मानिसको मृत्यु भयो।

"नेपाल भूकम्पीय जोखिम देश हो, भूकम्प आफै खतरा होइन, हाम्रा संरचनाहरु कमजोर छन्" भूगर्भविद् डा सोमनाथ सापकोटाले भने- "नेपालले जोखिम क्षेत्रको पहिचान गरी बलियो संरचना निर्माण गर्नुपर्छ।" उहाँले खानी तथा भूगर्भ विभाग मातहतको २१ वटा साइस्मिक स्टेसन भूकम्प मापन गर्ने कार्यबाहेक अन्य अध्ययन अनुसन्धान गर्ने कार्यका लागि अपुग भएकाले गोरखादेखि रामेछापसम्म अस्थायी रुपमा करिब १०० वटा साइस्मिक स्टेसन स्थापना गरी परकम्पको रेकर्ड गर्ने कार्य सुरु गरिसकको जानकारी दिए।

एउटै स्थानमा केन्द्रविन्दु बनाएर भूकम्प जाँदा पनि कमजोर जमिन भएको स्थानमा ठूलो क्षति भयो भने त्यही आसपासका जमिन बलियो हुँदा भौतिक संरचनाहरु ढलेनन। कमजोर जमिनलाई जोखिम क्षेत्र भनेर सरकारले पहिचान गर्नुपर्छ, त्यही अनुरुप संरचना निर्माण गरेर बस्ती बसायो भने जनधनको क्षति हुनबाट रोक्न सकिने पर्यटन व्यवसायी प्रचण्डमान श्रेष्ठको भनाइ छ।

भूकम्प कहिले आउँछ ? कहाँ आउँछ ? भनेर पत्ता लगाउने यन्त्रको अहिलेसम्म विकास हुनसकेको छैन। तर भूकम्पीय जोखिमयुक्त देश भनेर पहिचान भइसकेपछि सधैँ सावधानी अपनाउनु जरुरी छ। "भूकम्प आफै खतरा हुदैन, तर एकवर्ष भयो भनेर बिर्सिदै जाने गर्नुहुँदैन, संरचना निर्माण गर्दा ध्यान पुऱ्याउनु आवश्यक छ"-श्रेष्ठको भनाइ छ।

भूकम्पपश्चात सरकारले १४ जिल्लालाई बढी प्रभावित भनेर घोषणा गरेपनि एकवर्ष बितिसक्दा पनि उनीहरुको पुनर्वासको व्यवस्था हुन सकेको छैन। पुनःनिर्माण गर्नुपर्ने कुराहरु तीव्र रुपमा अघि बढ्न नसक्दा भूकम्पपीडितले निकै कष्टकर जीवन विताउनु परेको अवस्था छ। रासस

जग्गादातालाई परियार समाजद्वारा सम्मान

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

पोखरा-२८ अर्मलामा लक्ष्मी नारायण परियार सेवा समाजले जग्गा दान गर्ने चारजनालाई शनिबार सम्मान गरेको छ । अर्मलाको जोगीमणिमा समाज भवन निर्माणका लागि जग्गा दान गर्ने रुद्रबहादुर बस्नेत, जीतबहादुर बस्नेत, रामबहादुर बस्नेत र मुक्तिराम भट्टराईलाई सम्मान गरिएको हो । प्रमुख अतिथि परियार सेवा समाज कास्कीका अध्यक्ष किसान परियारले सम्मानपत्र, दोसल्ला र मायाको चिनोले उनीहरुलाई सम्मान गरे । उक्त अवसरमा समाजलाई उल्लेखनीय सहयोग गरेवापत् बयोबृद्ध बिर्खसिंह परियार र उनकी धर्मपत्नी आइतमाया परियारलाई पनि दोसल्लाले सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि परियारले जग्गा दान गर्ने लक्ष्मी नारायण गुठी संरक्षण समितिलाई आभार प्रकट गरे । उनले उक्त जग्गामा बनेको समाज घर कोही घरबारविहीन भए आश्रयस्थल बन्ने बताए । अध्यक्ष परियारले सिपमूलक प्रयोजनमा भवनको उपयोग गर्न सुझाव दिए । कार्यक्रममा लक्ष्मी नारायण गुठी संरक्षण समितिका अध्यक्ष एवं सम्मानित व्यक्तित्व रुद्रबहादुर बस्नेतले समाज परिवर्तनको लागि दलित र गैरदलितबीच समन्वयको आवश्यक रहेको बताए । उनले परियार समुदाय संगठित होउन् भन्न उद्देश्यले जग्गा दान गरेको उल्लेख गरे । क्रान्तिकारी पत्रकार संघका कास्की संयोजक दीपक परियारले दलित समुदायको सशक्तीकरणको लागि शिक्षामा लगानी गर्नुपर्ने बताए । कार्यक्रममा सम्मानित व्यक्तित्वहरु जीतबहादुर बस्नेत, रामबहादुर बस्नेत, परियार सेवा समाज कास्कीका उपाध्यक्ष बुद्धिराम परियार, सचिव दुर्गा परियार, कोषाध्यक्ष भक्तिमाया परियार, जिल्ला सदस्य गोमा परियार, बैदा परियार सेवा समाजका अध्यक्ष तोपबहादुर परियार, नेपाली काँग्रेसका वडा सभापति दीनानाथ आचार्य लगायतले बोलेका थिए । उक्त कार्यक्रममा परियार सेवा समाज कास्कीका सचिव दुर्गा परियारले लक्ष्मी नारायण परियार सेवा समाजलाई पाँच हजार रुपैयाँ सहयोगको घोषणा गरेका थिए । लक्ष्मी नारायण परियार सेवा समाजका अध्यक्ष गोपाल परियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव मोती परियारले स्वागत र सदस्य पदम परियारले सञ्चालन गरेका थिए ।

पृथ्वी दिवसमा फेवाताल किनारमा वृक्ष गोडमेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

विश्व पृथ्वी दिवस अवसरमा वातावरण, मानवअधिकार एवं सम्पदा संरक्षण अभियानमा क्रियाशील राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपाल र नागरिक समाज पोखराले संयुक्तरुपमा फेवाताल किनारमा वृक्ष गोडमेल गरेका छन् । कास्कीमा हालै सरुवा भइ आएका स्थानीय विकास अधिकारी दामोदर भण्डारीले नागरिक प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै कार्यक्रम शुभारम्भ गरेका थिए ।

प्रतिबद्धता पत्रमा "राष्ट्रिय हितलाई सर्वोपरी मान्दै पिछडिएका महिला, असहाय बालबालिका, ज्येष्ठ नागरिक, अपांग एवं उत्पीडित वर्ग लगायत स्थानीय कला, साहित्य र संस्कृतिको उत्थान गर्दै प्राकृतिक, साँस्कृतिक एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण सँगै कास्की जिल्लाको समग्र विकास निर्माणमा सामाजिक न्यायको सिद्धान्तलाई मार्गदर्शन मान्दै कस्केली जनताको सर्वाङ्गिण हितमा समर्पण गर्ने प्रतिवद्धता व्यक्त गर्दछु" उल्लेख छ ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड परिसर र फेवाताल किनारमा रोपिएका विभिन्न प्रजातिका १ सय ५० बोटबिरुवा गोडमेल गरी संरक्षण गरिएको थियो ।

राष्ट्रिय सम्पदा संरक्षण समितिका अध्यक्ष शशी तुलाचनले स्वागत मन्तव्य र नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले कार्यक्रमबारे जानकारी गराएका थिए । कार्यक्रममा सरकारी निकाय, सुरक्षा निकाय, महिला समन्वय समिति, टोल विकास संस्था र नागरिक अभियन्ताको बाक्लो उपस्थिति थियो ।

पुस्तक दिवसमा पुस्तक आदान–प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

र्याण्डम रिडर्स सोसाइटी अफ् नेपालले शनिबार पोखरामा पुस्तक आदान-प्रदान गरी विश्व पुस्तक दिवस मनाएको छ । सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख वक्ता प्रा. डा. पशुपतिनाथ तिमल्सेनाले उपहारका रुपमा पुस्तक आदान प्रदान गर्ने संस्कारको विकास हुनु राम्रो कुरा भएको बताए ।

अध्ययन संस्कृति समाजमा विस्तारै मौलाउँदै गएको बताउँदै उनले विश्व पुस्तक दिवसले पुस्तकप्रति मानिसहरुको ध्यानाकर्षण गराउन भूमिका खेल्ने विश्वास व्यक्त गरे । सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलले सोसाइटीले अध्ययन संस्कृतिको विकासका लागि विभिन्न कार्यक्रम गर्दै आएको बताउँदै पुस्तक दिवसलाई पनि नियमित रुपमा मनाउने बताए । प्रा.डा. पशुपतिनाथ तिमल्सेनाले गोला थुतेर सुरु गरेको कार्यक्रममा गजलकार डा. घनश्याम न्यौपाने 'परिश्रमी', ज्ञानुवाकर पौडेल, ललिजन रावल, गनेस पौडेल, सरस्वती प्रतीक्षालगायत ६२ जनाले एकआपसमा पुस्तक आदान-प्रदान गरेका थिए । सोसइटीका सचिव रुपिन्द्र प्रभावीको सञ्चालन र पुस्तक छनोट समितिका संयोजक सरस्वती प्रतीक्षाको स्वागतमा भएको कार्यक्रममा नियमित पाठकका रुपमा अजय अनमोल र मोती भुजेललाई विशेष उपहारका रुपमा पुस्तक प्रदान गरिएको थियो । युनेस्कोले सन् १९९५ देखि हरेक वर्ष अप्रिल २३ तारिखमा विश्व पुस्तक तथा प्रतिलिपि अधिकारी दिवस मनाउने घोषणा गरे पनि नेपालमा भने केही वर्ष पहिलेदेखि मात्र यो दिवस मनाउन थालिएको हो । सोसाइटीले विगत ३ वर्षदेखि हरेक वर्ष पुस्तक दिवस मनाउँदै आएको सोसाइटीका सदस्य सुरज उपाध्यायले जानकारी दिए ।

प्याराग्लाइडिङ...

नभई व्यावसायिक भएको हुँदा उक्त शुल्क तिर्न बाध्य नहुने बताए। हामीले पनि पोखराबाहिरका कुनै मेला महोत्सवका लागि पटके उडान गर्‍यौं भने शुल्क लिनु स्वाभाविक होलु, उनले भने, तर बकाइदा लाइसेन्स लिएर व्यावसायिक उडान गरिरहेकालाई पनि पटके शुल्क सुहाएन । यस्तो नियम विदेशीका लागि भएको उनको तर्क छ। पहिलापहिला विदेशी आएर उडान गर्थे, नेपालीसँग लाइसेन्स थिएन, अब त नेपालीसँग लाइसेन्स छु, उनले भने, प्याराग्लाइडिङ कम्पनीले आकाश प्रयोग गरेबापतको कर तिरेकै छन्। नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष योगेश भट्टराईका अनुसार पोखरामा दैनिक औसत डेढ सयजति प्याराग्लाइडिङ उडान हुन्छ।

पाँच दर्जनजति प्याराग्लाइडिङ कम्पनी छन्। नेपाली एक सय १० जनाले प्याराग्लाइडिङ पाइलटको लाइसेन्स लिएका छन्। गएको भदौमा अस्थायी लाइसेन्स लिएदेखि उनीहरूसँग नागरिक उड्डयन प्राधिकरणले मासिक नौ हजार रुपैयाँ शुल्क मागेको हो। भदौ र असोजको उनीहरूले तिरेका पनि थिए। दुई महिनाको तिर्नोस्, पछि नियम संशोधन हुन्छ भनिएको थियो, पाइलट बास्तोलाले फोनमा भने, विदेशीलाई लक्ष्य गरेर लगाएको शुल्क नेपालीलाई लगाउने काम रोकियोस् भनेर दबाब दिन काठमाडौं आएका छौं।

गजलकार कपिलको तस्बिरमा दोसल्ला विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

गजलकार कपिल शर्माको पहिलो गजल संग्रह 'तस्बिरमा दोसल्ला' शनिबार विमोचन भएको छ । अग्रज गजलकारहरु ज्ञानुवाकर पौडेल, ललिजंग रावल, डा. घनश्याम परिश्रमीसँगै स्रष्टा कपिलका आफ्नै दाजु किशोर शर्माले एकसाथ गजल संग्रहको विमोचन गरेका थिए ।

गजलकार कपिल शर्माले आफ्ना स्वर्गीय बुवा स्थिर शर्मा लम्सालललाई समर्पित गर्दै गजल संग्रह बजारमा ल्याएका हुन् । शनिबार भएको गजल विमोचन कार्यक्रममा आफ्नो स्वर्गीय बुवालाई सम्झिएर उनी केहि भावुक पनि बने । 'मलाई सानै देखि मेरो बाले केहि लेख्न र त्यसलाई छपाउन प्रेरित गरिरहनुहुन्थ्यो ।' उनले भने- 'अहिले मेरो कृति आएको छ । मेरो बुवा भएको भए कति खुशि हुनुहुन्थ्योहोला ।' कपिलले यसो भनिरहँदा अमृत कक्षाको प्रेक्ष्यालयमा रहेका सम्पूर्ण उपस्थितहरु पनि संगै भावुक बने ।

गजल संग्रह 'तस्बिरमा दोसल्ला'मा जम्मा जम्मी ५४ वटा गजल संग्रहित छन् । गजल विमोचन पछि गजलकार ज्ञानुवाकर पौडेलले कपिल शर्माले निकै वजनदार गजलहरुको संग्रह बजारमा ल्याएको प्रतिक्रिया दिए । 'कपिल शर्माको गजलमा समाजका यावत कुराहरु झल्किन्छन् ।' उनले भने-'यीनले लेखेका गजलहरु पढ्दा लाग्छ, कपिलले समाजको नाडी राम्रोसँग छामेका छन् ।' त्यस्तै अर्का अग्रज गजलकार ललिजंग रावलले कपिलले पहिलो प्रयासमै गतिलो संभावना देखाएको बताए । उनले आगामी दिनमा पनि गजल लेखनलाई निरन्तरता दिन कपिललाई आग्रह गरे । गजलका अध्येयता डा. घनश्याम परिश्रमीले कपिलको कृतिको प्रशंसा गर्दै अझै राम्रा गजल आगामी दिनमा आओस् भन्ने कामना गरे ।

करिब ३ वर्षको अथक मेहेनतपछि कपिलले गजल संग्रहलाई पुर्ण रुप दिन सकेको बताए । उनले गजल संग्रहका लागि सहयोग गर्ने सम्पूर्णलाई धन्यबाद समेत दिएका छन् । गजल विमोचन कार्यक्रममा रुपिन्द्र प्रभावि कटुले स्रष्टा परिचय गरेका थिए । त्यस्तै गजलकारद्वय उदिपराज ढुंगाना र बाबु त्रिपाठीले गजल संग्रहमाथि समिक्षा गरेका थिए ।

'तस्बिरमा दोसल्ला'मा समावेश ५ वटा गजलहरु कपिल आफैले वाचन गरेर सुनाएका थिए । त्यस्तै संग्रहमा समावेश केहि गजलहरुलाई एमपी केयरलेस, अमृत सुवेदी 'गुँरास', त्रुपक, मन क्षेत्री लगाएतले पनि वाचन गरेका थिए । संग्रहमा समावेश गजललाई सोहि अवसरमा गाएर पनि सुनाईएको थियो । त्रुपक, लक्ष्मण डुम्रे, सुशिलकुमार श्रेष्ठ लगायतले गजल संग्रहका एक/एक वटा गजल गाएका थिए ।

तेक्वान्दो दोजाङ्गद्वारा अनदु प्राविलाई सहयोग

पोखरा ११ वैशाख ।

कास्की जिल्ला तेक्वान्दो संघ मातहतको लेकसाइड तेक्वान्दो दोजाङ्गले फेवाताल पारीको अनदु प्राविलाई शैक्षिक सामग्री सहयोग गरेको छ । शनिवार विद्यालय प्राङ्गणमा आयोजित एक समारोहका विच विद्यार्थीहरुका लागि उक्त सामग्री हस्तान्तरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि फेवा डुङ्गा व्यवसायि संघका अध्यक्ष बुद्धिबहादुर नेपाली, विशेष अतिथि पश्चिमाञ्चल होटल संघका उपाध्यक्ष लक्ष्मण सुवेदी, सहयोगीहरु कमल भुजेल, तारा विक, मनमाया गुरुङ्ग लगायतले विद्यालयका प्रधानाध्यापक भविनाथ बराललाई उक्त सामग्री हस्तान्तरण गरेका हुन् । शैक्षिक सामग्री हस्तान्तरण गर्दै प्रमुख अतिथि नेपालीले ताल तरेर पढ्न आउने विद्यार्थीको सुरक्षामा ध्यान दिंदै लाइफ ज्याकेट प्रदान गरिएको बताए । त्यस्तै वर्षा याममा विद्यालयसम्म आउन विद्यार्थीहरुलाई कठिन पर्ने हुँदा रेन्कोट रोजिएको पनि उनले बताए । साथै आउँदा दिनमा आर्थिक सहयोग समेत गर्ने उनले जनाए । विशेष अतिथि होटल संघका उपाध्यक्ष सुवेदीले तेक्वान्दो दोजाङ्गले गरेको उक्त सामाजिक कार्य प्रशंसनिय एवं अनुकरणीय भएको उल्लेख गरे ।

विद्यालयमा अध्यायन गर्ने १० जना छात्रछात्रालाई १० थान झोला, १० थान रेन्कोट, स्टेशनरि सामग्री तथा फेवाताल तरेर तालबाराहीमा अध्यायन गर्न आउने विद्यार्थीहरुका लागि ५ थान लाइफ ज्याकेट प्रदान गरिएको हो । सोही समारोहमा स्थानीय श्रृजनशिल युवा क्लवले पनि शैक्षिक सामग्री प्रदान गरेको थियो । विद्यालयलाई सहयोग गर्ने सम्पूर्ण सहयोगीहरुलाई विद्यालयका पूर्व प्रधानाध्यापक जगतबहादुर पहारीले धन्यवाद ज्ञापन गरे । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीप्रसाद गुरुङ्ग, शिक्षक अभिभावक संघका अध्यक्ष मनलाल गुरुङ्ग लगायतले मन्तव्य राखेका थिए ।

आयोजक दोजाङ्गका प्रमुख प्रितम कुँवरले दोजाङ्गले विगतमा पनि खेलकुदसंगै विभिन्न सामाजिक कार्य पनि गर्दै आएको जनाए । साथै दोजाङ्गले आउँदा दिनमा पनि यस्तै श्रृजनात्मक कामहरु गर्ने जनाए । वद्यालय प्रअ भविनाथ बरालले स्वागत एवं तेक्वान्दो खेलाडी एवं सञ्चारकर्मी दिपेन्द्र पहारीले कार्यक्रम सञ्चालन गरेका थिए ।

मदौरुकुनाको मोटरेवल पुल उद्घाटन

पोखरा ११ वैशाख ।

लेखनाथ नगरपलिकाको वडा नम्बर १ र १७ जोड्ने सेतीनदी मदौरुकुना स्टिल ट्रस मोटरेवल पुलको शनिबार एक कार्यक्रमका बिच उद्घाटन गरिएको छ । उक्त पुलको उद्घाटन सांसद बिकाश समितिका अध्यक्ष रबिन्द्र अधिकारीले गरेको हो । पुलको उद्घाटन गर्दै प्रमुख रबिन्द्र अधिकारीले विकासका लागि राजनीतिक खिचातानी गर्न नहुने बताउँदै त्यस क्षेत्रको कृषि उपजले बजार पाउने र विकासले छिटो गति लिने उल्लेख गरे । हिराचन/मुक्तिनाथ जे.भी. पोखरासंग २०६९ भदौमा ठेक्का सम्झौता भएको उक्त पुल २०७१ असोजमा सम्पन्न भएको प्रमुख जिल्ला ईन्जिनियर नारायण श्रेष्ठले जानकारी दिए । उक्त स्टिल ट्रस पुलको कुल खर्च ४ करोड २७ लाख ९४ हजार १ सय १० रुपैयाँ रहेको पनि उनले जानकारी दिए । पुलको लम्बाई ५६ मिटर रहेको छ । कार्यक्रममा नेपाली काग्रेसका जिल्ला सचिव रामराज लामिछाने, नेकपा एमालेका प्रतिनिधि युवराज पौडेल, नेकपा क्रान्तिकारी माओवादीका प्रतिनिधि भिम शिरिष, संघिय समाजबादीका प्रतिनिधि कुलबहादुर भुजेल, लेखनाथ नगरपालिकाको निमित्त कार्यकारी अधिकृत राममणि अधिकारी, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष लक्ष्मी त्रिपाठी लगायतले आ-आफ्नो भनाई राखेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

आवश्यकता
कुक : १ जना
कुक हेल्पर : १ जना
रुम ब्वाई : २ जना
ड्राइभर : १ जना
डिसवासर : १ जना
सम्पर्क :
होटल साइलेन्ट पिक
लेकसाइ पोखरा, फोन : ०६१-४६२८५७

बैंक व्यालेन्स
बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

नि:शुल्क कम्प्युटर शिक्षा
Green Plus Nepal को सहयोगमा SLC तथा अन्य विद्यार्थीहरुका लागि १५० जना कोटा भएको हुँदा २०७२/०१/२० सम्मका लागि Basic, Diploma, Accounting, Graphic, Designing, RJ, English Language का लागि नि:शुल्क कम्प्युटर शिक्षा प्रदान गर्दै आएको छ ।
नोट : छनौटमा नपरेकाकाहरुका लागि ७५% सम्म छुटको व्यवस्था गराएको छ ।
Load-Shedding No Problem
High Mount Computer, विन्ध्यवासिनी, पोखरा-२, ०६१-५२७४३५, ९८५६०६६४८०
Informatic Institute, सृजनाचोक, पोखरा-८, ०६१-५२३०६०, ९८४६०४१६१७

के तपाईं F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा ढुक्क भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व नेतृत्व विकास गर्न चाहनुहुन्छ ?
कि तपाईं बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुप्रै F.M. मा काम गरिसकेका छन् ।
अब तपाईंको व्यक्तित्व नेतृत्व विकास गराउन र सक्षम एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिइँदै छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।
प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुप्रै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिंदा नृत्य/कम्प्युटर कोर्ष सित्तैमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ सक्षम बनाइने ।
कक्षा संचालन भइरहेको छ ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७५०, ९८१५१२४७५०
केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक
यौन समस्या
महिला सम्बन्धि समस्या
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता
शप उपचार
शितल आयुर्वेद फर्मा
फ्रि होम डेलिभरी
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS, Group-4 ... Diplomatic ...
तयारी कक्षा धमाधम
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

पोखरामा पहिलो पटक
Hair Building Fibers.
Cult Face ... (Inddian), Fair Look
Step Up, Triple Height
(B.D.P) Body Buildo ... (More Slim)
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क
फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

दलहरुप्रति जनताको अविश्वास बढ्दै गयो–खनाल

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

नयाँ शक्ति नेपालका केन्द्रिय सचिवालय सदस्य मुमाराम खनालले राजनीतिक दलहरु प्रति जनताको अविश्वास बढ्दै गएकोले जनताले परिवर्तनको अनुभूति गर्ने गरी काम नै गरेर देखाउन नयाँ शक्ति नेपाल बैकल्पिक राजनीतिक शक्तिको रुपमा उदाउँदै गरेको बताएका छन् । नयाँ शक्ति नेपाल प्रदेश नम्बर ४ ले पोखरामा आयोजना गरेको बृहद् अन्तर्क्रियामा बोल्दै खनालले समावेशी, समानुपातिक र सहभागितामूलक लोकतन्त्रको पक्षमा आफूहरु दृढ रहेको पनि बताए । पटक-पटक भएका राजनीतिक आन्दोलनले जनतालाई राजनीतिक परिवर्तन दिएको भएपनि आर्थिक सम्बृद्धिको कुरामा कसैले ध्यान नदिएकोले पुराना दलहरुबाट जनता निरास बन्दै गएको उनको तर्क थियो । ०४६ साल अघिको राजनीतिक आन्दोलन, त्यसपछिको ०५२ को जनयुद्ध हुँदै ०६२/०६३ को परिवर्तनले पनि जनतालाइ आर्थिक रुपमा सम्बृद्ध बनाउन नसकेको भन्दै खनालले अबको एजेण्डा आर्थिक रुपमा देशलाई सम्बृद्धिको दिशामा अगाडि बढाउने खालको हुनुपर्नेमा जोड दिए । उनले ०४६ अघि पनि दलहरुले हिंसात्मक र शान्तिपूर्ण आन्दोलन गरेको भन्दै झापा बिद्रोह वा काँग्रेसको शसस्त्र संघर्षले भन्दा २०५२ सालमा शुरु भएको जनयुद्धले जनतालाई सचेत बनाएको र धेरै कुरामा परिवर्तनको अनुभूति दिएको बताए । उनले नयाँ शक्तिले आर्थिक सामाजिक मुद्धालाई लिएर जनताको आधारभूत आवश्यकता पुरागर्ने खालको सम्बृद्धिको खाका ल्याउने समेत बताए ।

पूर्व अर्थ सचिव तथा नयाँ शक्तिका सचिवालय सदस्य रामेश्वर खनालले दलहरुले सम्बृद्धि र परिवर्तनको मुद्धा उठाएपनि त्यसलाई कार्यान्वयन गर्न नसकेकोले नयाँ शक्तिको आवश्यकता देखिएको बताए । उनले राज्यको सुविधा लिएर वा विपन्न नागरिकले तिरेको करमा रजाई गरेर परिवर्तनको मुद्धा उठाउन सम्भव नहुने भन्दै समस्यासँग जुध्न आफूले राज्यको निकायको जिम्मेवारी छाडेर राजनीतिमा लागेको बताए । उनले राजनीतिक परिवर्तन गर्न कर्मचारी भएर सम्भव नहुने भन्दै सेना वा कर्मचारीले शासन गरेर सम्बृद्धि र विकास सम्भव हुनेभए बर्मा र पाकिस्तान किन पछाडि पर्थे भन्ने प्रश्न गरे ।

अर्का सचिवालय सदस्य डा.शुरेन्द्र चौधरीले पुराना पार्टीमा लागेर परिवर्तनको अपेक्षा गर्नु मुर्खता हुने भन्दै आफू काँग्रेसको समर्थक छाडेर नयाँ शक्तिमा लागेको बताए । उनले विगतमा राजनीतिक दलहरुले भने जस्तो घरबार त्यागेर नयाँ शक्तिमा राजनिति नगर्न सुझाव दिँदै राजनीति गरेको छु भनेर समाज र राष्ट्रलाई ठगी गर्नेहरुबाट सचेत हुन आग्रह गरे । नयाँ शक्तिमा राजनीति गर्ने हो भने कुनै न कुनै आय आर्जनको काम गरेर मात्रै बाँकी रहेको समय दिन उनले सुझाव दिए । पुरानो राजनीतिक संस्कार बदल्न नयाँ शक्तिले देशब्यापी अन्तरक्रिया गरेर जनताको सुझाब लिएको उनको भनाई थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले जनतासँग गरेको बाचा पुरा नगरेका कारण जनताहरु आफ्नै दलको सरकारसँग पनि विश्वास नगर्ने अवस्थामा पुगेको बताए । पार्टीमा लागेर छिटो राजनीतिक लाभ खोज्नेहरुले जस्तोसुकै राम्रो कुरा गरेपनि विकास र सम्बृद्धि दिन नसक्ने भन्दै मुल्मीले जनतालाई विश्वास हुनेगरी आर्थिक सम्बृद्धिको मुद्धा अगाडि बढाउन नयाँ शक्तिलाई सुझाव दिए । राजनीतिक दलहरु सकारात्मक सोंचका साथ रुपान्तरित भएर अघि नबढ्ने हो भने नयाँ शक्तिको आवश्यकता जनताले गर्ने उनको भनाई थियो ।

नायिका करिष्मा मानन्धरले नयाँ शक्तिले देशलाई सम्बृद्ध बनाउने सपना होईन काम नै शुरु गरेको भन्दै सकारात्मक कामलाई साथ दिनु आफ्नो कर्तव्य संझेर अगाडि बढेको बताईन । उनले नयाँ शक्ति नेपालका संयोजक बाबुराम भट्टराईमा देश सम्बृद्ध बनाउन सक्ने भिजन भएर नै उहाँलाई धेरैले साथ दिएको भन्दै आफूहरु पनि देश निर्माणको मुद्धामा सेलिब्रेटी मात्रै बनेर बस्न नसक्ने भएकोले नयाँ शक्तिको अभियानमा लागेको बताईन ।

कार्यक्रममा प्रदेश नम्बर ४ का संयोजक देबेन्द्र पराजुली र कास्कीका संयोजक हेमबहादुर थापाले पनि धारणा राखेका थिए ।

मिजुरेमा गञ्जमान स्मृति कपको तयारी पूरा

पोखरा ११ वैशाख ।

कास्कीको मिजुरेमा सञ्चालित खुल्ला सेभेन ए साइड तेस्रो नागीधार स्व. गञ्जमान गुरुङ स्मृति फुटबल कप-२०७३ को उपाधि आयोजक नागीधार सिर्जनशील युवा क्लवले जितेको छ। ट्राइब्रेकरमा लम्तरी युवा क्लव भाचोकलाई ५-४ गोल अन्तरले हराउँदै आयोजकले उपाधि जितेको छ। उपाधि विजेता नागीधारले नगद ५० हजार र उपबिजेता लम्तरी युवा क्लवले नगद ३० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र पाएका छन्। प्रतियोगितामा आयोजककै रमेश थापा मगर सर्वोत्कृष्ट खेलाडी, लम्तरी युवा क्लवका चेष्ट गुरुङ हाई स्कोरर र लम्तरीकै प्रशान्त गुरुङ सर्वोत्कृष्ट गोलरक्षक घोषित भए। उनीहरुलाई ट्रफि र मेडल प्रदान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि स्व. गञ्जमान गुरुङका भाई होमबहादुर गुरुङ, समाजसेवी डम्बरजङग गुरुङ, तरुण दल मिजुरेका सभापति यमबहादुर गुरुङ र क्लवका सल्लाहाकार रवीन्द्र गुरुङले पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका थिए। विकास, पर्यटन प्रवर्द्धन भन्ने मुल नाराका साथ बैशाख ८ देखि प्रतियोगिता शुरु भएको थियो। स्व. गञ्जमान गुरुङले नागीधार गाँउ तथा मिजुरेडाँडाको चौतर्फी विकासमा पुऱ्याएको योगदानको स्मरणगर्दै सो प्रतियोगिता आयोजना गरिएको हो।

फुटबल प्रतियोगिताले समग्र मिजुरे गाविस सहित वरपर क्षेत्रको पर्यटन प्रर्वद्धनमा टेवा पुऱ्याएको प्रतियोगिता संयोजक ओमप्रकाश गुरुङको भनाई छ। कार्यक्रम प्रतियोगिता संयोजक ओमप्रकाश गुरुङको अध्यक्षता भएको थियो। फुटबल प्रतियोगितासँगै जिल्ला विकास समिति कास्कीको समी परियोजनाको सहयोगमा बैदेशिक रोजगारी सम्वन्धी परामर्श पनि सञ्चालन गरिएको थियो।

अखिल नेपाल खेलकुद महासंघ कास्की गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

एकीकृत नेकपा माओवादी निकट खेलकुदकर्मीहरुको शनिबार सम्पन्न एक भेलाले बलराम सुवेदीको अध्यक्षतामा अखिल नेपाल खेलकुद महासंघ कास्की गठन गरेको छ । समितिको उपाध्यक्षमा बिशाल गुरुङ, सचिवमा रेशम आलेमगर, कोषाध्यक्षमा सनत गुरुङ र सह-सचिवमा बिरेन्द्र केसीलाई चयन गरेको छ ।

त्यस्तै सदस्यहरुमा जीवन विक, विष्णु तिमिल्सना, प्रशान्त अर्याल, अमृत झा, राजन अर्याल, आदर्श ठाकुर, जवाभ राई, वालकृष्ण पण्डित, दिनेश खत्री, वसन्त भट्टचन, प्रविण बिजुक्छे, भीम तामाङ र सञ्जय विक रसहेका छन् । त्यस्तै अन्य सदस्यहरुमा सन्तोष वाग्ले, विनु मगर, सरोज पराजुली, श्रीकान्त अधिकारी, अर्जुन जिसी, रिदन गुरुङ, खेम गुरुङ, जगत गुरुङ, प्रेमराज सुवेदी, राहुल गौचन, लेखबहादुर गुरुङ, अमृत अधिकारी, शरणबहादुर पौडेल, शिव पौडेल, प्रेमनारायण आचार्य र कुशल थापा चयन भएका छन् । यसअघि भेलाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै एकीकृत नेकपा माओवादी प्रदेश नम्बर ४ का फ्रयाक्सन ईञ्चार्ज तथा एमाओवादी कास्कीका अध्यक्ष दीपक कोइराला रुपकले दुई वर्षमा एमाओवादीलाई देशकै पहिलो पार्टी बनाउने अध्यक्ष प्रचण्डको सपना पूरा गर्न अब सबै लाग्नुपर्नेमा जोड दिए । महासंघ कास्कीका तदर्थ समिति संयोजक बलराम सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा वाईसियल प्रदेश नम्बर ४ का संयोजक सुमन देवकोटा, अखिल क्रान्तिकारी कास्कीका अध्यक्ष नारायण बराल लगायतले बोलेका थिए ।

'सरकारले तस्करलाई संरक्षण गर्दा जनताले दुःख पाए'

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ वैशाख ।

नेपाली काँग्रेस क्षेत्रिय कार्यसमिति क्षेत्र नं.४ कास्कीको आयोजना तथा नपाली काँग्रेस पोखरा-२७ र २९ ईकाईको व्यवस्थापनमा लोकतन्त्र दिवसको अवसरमा हेमजामा आयोजित चियापान एवम् शुभकामना आदान-प्रदान कार्यक्रममा सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका केन्द्रिय सदस्य अर्जुनरसिंह केसीले वर्तमान सरकारले तस्करहरुलाई संरक्षण गरेको उनको आरोप लगाएका छन् । नाकवन्दी खोलेपछि आपूर्ति सहज हुँदा पनि अझै जनताले सहजरुपमा ग्यास र पेट्रोल पाउन नसक्नु यो सरकारले कालावजारी, तस्करहरुलाई संरक्षण गरेको प्रष्ट हुने उनको भनाई थियो। उनले अहिले वर्तमान सरकार दिशा विहिन, ख्यालठट्टा कथाकथित राष्ट्रवादको नामाबाट लुट्ने काम गरेको आरोप लगाए।

अव काँग्रेस सशक्त प्रतिपक्षको भूमिका खेल्ने उनको भनाई थियो। सय दिन हनिमुन पिरियड हो हामी चुप लाग्यौ अर्को सय दिन हामी महाधिवेशनमा होमियौ, त्यसैले हामी सरकारको वारेमा केहि बोलेका छैनौ उनले भने-अव हामीले शशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नेछौं। काँग्रेसले प्रतिपक्षमा कस्तो भूमिका खेल्ने छ अव देख्नुहुने छ।

उनले पार्टीलाई संस्थागतरुपमा चलाउन सकिएन भने फेरी पार्टी विभाजन हुने बताएका छन्। प्रवृत्ति योग्यता, क्षमता र जनप्रियताको आधारमा मुल्याङ्कन नगरि एकलौटी तरिकाले चलाए पार्टी विभाजन हुने उनको भनाई थियो।

उनले १३ औ महाधिवेशनले ६० र ४० को भागवण्डा अन्त्य गरेको बताए। यो महाधिवेशन एकताको महाधिवेशन हो उनले भने-अव नेतृत्वले विभिन्न विभाग गठन गर्दा यसको र उसको मान्छे भन्दा पनि जिल्लामा प्रभाव पार्ने, योग्यता क्षमता जनप्रियता र समाजमा सम्मानित तर पार्टी ठाँउ नपाएकालाई केन्द्रित गरेर जिम्वेवारी दिएमा मात्रै विभाजन अन्त्य हुन्छ।

नेपाली काँग्रेसका नेता शुक्रराज शर्माले काँग्रेसै नेतृत्वमा लोकतन्त्र आएको बताए। नेपाली काँग्रेस कास्कीका सभपाति कृष्ण केसीले १३ औ महाधिवेशनबाट गुट उपगुट सकिएको बताए। कार्यक्रममा एक सय भन्दा वढि विभिन्न पार्टी परित्याग गरी नेपाली काँग्रेसमा प्रवेश गरेका थिए। पोखरा-२७ र पोखरा-२९ युवाहरु काँग्रेसमा प्रवेश गरेका हुन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेसका केन्द्रीय सदस्य अर्जूननरसिंह केसीले पाटीको साधारण सदस्यता वितरण गरेका थिए । त्यसैगरि कार्यक्रममा नेपाली काँग्रेस पोखरा-२७ ईकाई समितिले लामोसम्म पार्टीमा पुऱ्याएको योगदनको कदर स्वरुप दोसल्ला ओढाएर सम्मान गरेको थियो। यसरी सम्मानित हुनेहरुमा प्रेमबहादुर थापा, मोतिबहादुर थापा, र अग्नीधर तिमिल्सिना रहेका छन् ।

कार्यक्रममा नेपाली काँग्रेस कास्कीका निवर्तमान सभापति तथा सांसद यज्ञबहादुर थापा, सांसद शारदा पौडेल, काँग्रेस नेता खेमराज पौडेल, महासमिति सदस्य रामचन्द्र त्रिपाठी, महासमिति सदस्य आईबहादुर गुरुङ, लोकतान्त्रीक खेलकुद महासंघका अध्यक्ष तथा महाधिवेशन प्रतिनिधि देवेन्द्रकुमार शेरचन, महाधिवेशन प्रतिनिधि राजबहादुर गुरुङ, महाधिवेशन प्रतिनिधि राधा अधिकारी, नेपाली काँग्रेस कास्कीका सचिव सुदिपमोहन भट्टराई, कोषाध्यक्ष लक्ष्मी पाण्डे, सहसचिव भरतबहादुर अधिकारी, सदस्य कृष्णप्रसाद तिमिल्सिना, सदस्य शंकर ढुङ्गाना, पब्लिक क्याम्पस प्रध्यापक संघका केन्द्रिय सचिव वेदहरी तिमिल्सिना, क्षेत्र नं.४ का उप-सभापति कमलबहादुर गुरुङ, सार्दिखोला गाँउ ईकाईका सभपाति गुञ्जमान गुरुङ, पोखरा- २९ का सचिव दानबहादुर भुजेल पोखरा-२७ का सचिव मोतिराज तिमिल्सिना गंगा त्रिपाठीले बोलेका थिए।

नेपाली काँग्रेस क्षेत्रिय कार्यसमिति क्षेत्र नं.४ का सभापति पोषनाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाली काँग्रेस पोखरा-२७ का सभापति दानबहादुर थापाले स्वागत, पोखरा-२९ ईकाई सभापति मधुसुदन त्रिपाठीले धन्यवाद र क्षेत्रीय सचिव खिमलाल वाँस्तोलले कार्यक्रम सञ्चालन गरेका थिए।

सुजी पोखरामा

पोखरा ११ वैशाख ।

नेपालको भलिवल खेलका पहिलो प्रशिक्षक जापानीज नागरिक सुजी यानागिटालाई पोखरामा स्वागत गरीएको छ। कास्की जिल्ला भलिवल संघले शनिबार एक समारोहका बीच पोखरामा सम्मान गरेको हो । कार्यक्रममा संघका अध्यक्ष भिम पराजुली, क्षेत्रिय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, मुक्तिनाथ बाहिनिका सहायक बाहिनिपति कृष्णभक्त ब्रह्मचार्य लगायतले यानागिटालाई स्वागत गरेका हुन । पोखरामा निमार्ण हुँदै गरेको भलिवल प्रशिक्षण केन्द्र निमार्णको लागि आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने यानागिटाले बताए ।

यौन तथा प्रजनन रोग विशेषज्ञ डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुवर्दे हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही वैशाख १२ गते आइतबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

दीक्षित अस्पतालमा

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ११ वैशाख ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हिरासतमा रहेका वरिष्ठ पत्रकार एवं साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितलाई वीर अस्पताल भर्ना गरिएको छ । उच्च रक्तचापका विरामी दीक्षितको छाती र मुटुमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएको हो । उनको आईसीयूमा राखेर उपचार भइरहेको छ । स्वास्थ्यमा समस्या देखिएपछि उनलाई शनिबार विहान वीर अस्पतालको इमर्जेन्सीमा पुऱ्याइएको थियो । उपचारका क्रममा दीक्षितलाई उनकी पत्नी शान्ता दीक्षितसँग भेट्न दिइएको छ । वरिष्ठ पत्रकार एवं साझा यातायातका अध्यक्ष दीक्षितलाई अख्तियारले शुक्रबार पक्राउ गरेको थियो ।

यसैबीच भारत, अमेरिका, बंगलादेशसहित बिभिन्न देशमा कार्यरत ३ दर्जन भन्दा बढी लेखक, बुद्धिजीवि, पत्रकार तथा सम्पादकहरुले पत्रकार कनकमणि दीक्षितलाई तत्काल रिहा गर्न नेपाल सरकारसमक्ष माग गरेका छन् । शनिबार एक सार्वजनिक विज्ञप्ति जारी गर्दै उनीहरूलाई पत्रकार दीक्षित सच्चा मानवधिकारवादी तथा सक्रिय पत्रकार भएको बताएका छन्। दक्षिण एशियामैं मिडियामाथि सरकारी दबाव र हस्तक्षेप बढिरहेको भन्दै उनीहरुले दीक्षितको गिरफ्तारीलाई पूर्वाग्रहीको संज्ञा दिएका छन्। 'हामी नेपाल सरकारसमक्ष दीक्षितलाई रिहा गर्दै पूर्वाग्रहरहित ढंगले, पारदर्शी भएर उनीमाथि लगाएका आरोपहरुको छानबिन गर्न माग गर्दछौं,'- विज्ञप्तिमा भनिएको छ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा